बकैया गाउँपालिकाको सातौं गाउँसभाको मिति २०७८ साल असार १० गतेको बैठकको निर्णयहरु

१. गाउँ सभा बैठक प्रारम्भ सम्बन्धमा :-

बकैया गाउँपालिकाका अध्यक्ष श्री दामोदर खनाल ज्यू ले आव्हान गर्नु भएको सातौं गाउँसभा बैठक सम्बन्धी पत्र सभामा प्रस्तुत गरियो ।

२. आर्थिक वर्ष २०७८।७९ को नीति तथा कार्यक्रम सम्बन्धमा :-

बकैया गाउँ कार्यपालिकाले पारित गरि गाउँसभामा पेश गरेको बकैया गाउँपालिकाको आर्थिक वर्ष २०७८।०७९ को नीति, कार्यक्रम तथा बजेट सर्वसम्मत पारित गरियो । साथै समग्र विनियोजन सहितको बजेट समितिहरु तथा कार्यपालिकामा थप छलफल सहित आगामी बैठकमा पारित गर्ने निर्णय गरियो ।

३. बकैया गाउँपालिकाको आर्थिक विधेयक, २०७८ सम्बन्धमा:-

बकैया गाउँ कार्यपालिकाले पारित गरि सम्मानित गाउँसभामा पेश गरेको आर्थिक वर्ष २०७८।७९ को लागि करका दरहरु निर्धारण गर्न बनेको बकैया गाउँपालिकाको आर्थिक विधेयक, २०७८ छलफल सहित आगामी बैठकमा पारित गर्ने निर्णय गरियो ।

४. बकैया गाउँपालिकाको विनियोजन विधेयक, २०७८ सम्बन्धमा:-

बकैया गाउँपालिकाको आर्थिक वर्ष २०७८।७९ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केहि रकम खर्च गर्ने र विनियोजन गर्ने सम्वन्धमा बनेको विधेयक, २०७८ छलफल सहित आगामी बैठकमा पारित गर्ने निर्णय गरियो ।

५. बकैया गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ सम्बन्धमा:-

बकैया गाउँपालिकाको विकास निर्माणका लागि योजनाहरु कार्यान्वयन गर्ने क्रममा उक्त योजनाहरुको वातावरणीय परिक्षण तथा संक्षिप्त वातावरणीय परिक्षण प्रायोजनार्थ गाउँ कार्यपालिकाले पारित गरि यस सम्मानित गाउँ सभामा पेश गरेको "बकैया गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८" छलफल सहित आगामी बैठकबाट पारित गर्ने निर्णय गरियो ।

६. बकैया गाउँपालिकाको वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८ सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा यस गाउँपालिकाको बनलाई व्यवस्थापन गर्नका लागि "गाउँपालिकाको वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७८" छलफल सहित आगामी बैठकबाट पारित गर्ने निर्णय गरियो ।

दामोदर खनाल
अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner

७. गाउँपालिकाको प्रथम आवधिक योजना (आ.व. २०७७।७८-२०८१।८२) सम्बन्धमा:-

प्रस्तुत विषयमा छलफल गर्दा गाउँपालिकाले चालु आ.व. २०७७।७८ मा तयार गरेको "बकैया गाउँपालिकाको प्रथम आवधिक योजना (२०७७।७८-२०८१।८२)" थप अध्ययन साथ चालु सातौं गाउँसभाको दोस्रो बैठकबाट पारित गर्ने निर्णय गरियो ।

आज मिति २०७८ साल असार १० गतेका दिन सातौं गाउँसभाको पहिलो बैठक विहान ११:०० बजे शुरु भई १:०० बजे समापन गरियो ।

दामोदर खनाल

अध्यक्ष

बकैया गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हातीसुँडे, मकवानपुर
बागमती प्रदेश, नेपाल

Scanned with CamScanner